Regd No: 77/1263/057/058
PAN No: 302275560

iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

# स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
# Independent Power Producers' Association, Nepal

President
Ganesh Karki

Senior Vice President
Mohan K. Dangi

Vice President
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

General Secretary
Balaram Khatiwada

Deputy General Secretary
Prakash Chandra Dulal

Secretary
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

Treasurer
Narendra Ballav Panth

Member
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

Associate Member
Shailendra Guragain

IPP & Chief Advisor
Krishna P. Acharya

मिति :२०८०/०४/२८

श्रीमान कार्यकारी निर्देशक ज्यू
नेपाल विद्युत प्राधिकरण
रत्नपार्क, काठमाडौ

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल २०५७ iPPAN 2001 INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL

**विषय : ध्यानाकर्षण सम्बन्धमा**

महोदय,

उपरोक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको मिति २०७९/१०/२६ को बैठकले विद्युत खरिद बिक्री सम्झौता सम्वन्धमा नीतिगत रूपमा फेरबदल गर्नुपर्ने आवश्यकता महशुस गरी विद्युत खरिद बिक्री सम्झौता गर्ने सम्बन्धमा Probability of Exceedance (PoE) को आधारमा आयोजनाको डिजाइन क्राइटेरिया परिवर्तन लगायत अन्य विविध पक्षलाई मध्यनजर गरी प्रतिवेदन पेश गर्न ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयका सहसचिव श्री सन्दिप कुमार देवको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरी प्रतिवेदन पेश भएकोमा नेपाल विद्युत प्राधिकरण तथा सञ्चालक समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

पटके निर्णय गरी पीपीए खुलाऊने कार्य भन्दा नीतिगत व्यवस्था गरी समस्याको समाधान गर्ने नेविप्राको कार्य प्रति हार्दिक आभार प्रकट गर्दै उक्त प्रतिवेदनको सकारात्मक तथा सुधार गर्नुपर्ने बुँदाहरु प्रति नेपालका निजी क्षेत्रका स्वतन्त्र ऊर्जा उत्पादकहरुको संगठन इपानको ध्यानाकर्षण भएको छ । आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण गर्नको लागि सन २०२८ सम्ममा १५,००० मेगावाट विद्युत उत्पादन गर्ने साविक राष्ट्रिय लक्ष्य हासिल गर्न तथा नेपालबाट १०,००० मेगावाटसम्मको विद्युत भारत निर्यात गर्न नेपाल र भारतबीच सहमति भइसकेको सन्दर्भमा समिति गठन भएपश्चात नै समग्र ऊर्जा क्षेत्रले निकै उत्सुकता र गम्भीरताका साथ उक्त प्रतिवेदनको प्रतिक्षा गरिरहेको थियो । प्रतिवेदन सार्वजनिक भएपश्चात यसको अध्ययन गरेर यसका राम्रा पक्षहरूको स्वागत गर्दै तथा सुधार गर्नुपर्ने सिफारिशलाई आवश्यक संशोधन सहित निर्णय गरियोस् भनी इपानको तर्फबाट ध्यानाकर्षण गर्न चाहन्छौं ।

१. प्रतिवेदनमा उल्लेखित विद्युत आयोजनाहरूको विद्यमान अवस्था, विद्युत उत्पादनको अवस्था, विद्युत प्रसारणको अवस्था, समितिले कार्यादेश अनुसार गरेको अध्ययन तथा विश्लेषणका विषयवस्तुहरू प्रति इपानको पूर्ण सहमति रहेको छ ।

२. PPA गर्दा Q40 Probability of Exceedance (PoE) मा गर्दै आएकोमा आयोजना optimize हुने PoE कै आधारमा PPA गर्ने तथा उत्पादन सम्मिश्रणमा

Nepal Electricity Authority ESTD. 1985

2080/4/29

President
Ganesh Karki

Senior Vice President
Mohan K. Dangi

Vice President
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

General Secretary
Balaram Khatiwada

Deputy General Secretary
Prakash Chandra Dulal

Secretary
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

Treasurer
Narendra Ballav Panth

Member
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

Associate Member
Shailendra Guragain

IPP & Chief Advisor
Krishna P. Acharya

उल्लेखित सीमाभन्दा ३५ प्रतिशत बढी क्षमतामा RoR, PRoR र Storage/Pumped Storage आयोजनाहरुको विद्युत खरिद बिक्री सम्झौता गर्ने कुरा एकदम स्वागतयोग्य रहेको छ ।

३. यसैगरी PROR को लागि न्यूनतम २ घण्टा peaking poundage भए हुने, सुख्खायामका महिनाको ३०% ऊर्जा पुग्नुपर्ने व्यवस्था हटाई वर्षायाम र सुख्खायामको अवधि ६-६ महिना कायम गर्ने कुराले PROR आयोजना विकास गर्न निकै सरल र सहज बनाउनेछ ।

४. १०० मे.वा. भन्दा माथिका ROR तथा PROR आयोजनाको विद्युत खरिद बिक्री सम्झौता हुँदा अधिकतम १७% Return on Equity (RoE) कायम गर्नुपर्ने व्यवस्था हटाउने कुरा स्वदेशी लगानीबाट नै ठूला आयोजना बनाउन सकिने कुरामा कोशेढुङ्गा हुनेछ,

५. ग्रिड कनेक्शन एग्रिमेन्ट भएका १० मेगावाट सम्मका ROR तथा PROR आयोजनाको PPA ठूला आयोजनाको तुलनामा प्राथमिकतामा राख्ने तथा PPA भइसकेका ROR तथा PROR आयोजनाको हकमा बढीमा २५ प्रतिशतसम्म क्षमता अभिवृद्धि हुँदा समेत प्राथमिकतामा राखी विद्युत खरिद बिक्री सम्झौता गर्ने कुरा साना जलविद्युत आयोजनाको लागि निकै नै स्वातयोग्य कुरा रहेकोछ ।

६. आन्तरिक खपत बढाउन तथा बिद्युत निर्यातको राष्ट्रिय लक्ष्य पूरा गर्न प्रसारण लाइन संरचना निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने तथा वन तथा वातावरण सम्वन्धी कानूनी समस्यालाई प्राथमिकताका साथ निराकरण गर्ने विषयहरूलाई प्रतिवेदनमा समेटिएको कुरालाई हामी स्वागतयोग्य कदम मान्दछौं ।

उपरोक्त सुझावहरु कार्यान्वयन पश्चात ऊर्जा क्षेत्रमा सकारात्मक रुपमा प्रभाव पार्नेछन् ।

उपरोक्त स्वागतयोग्य सिफारिशहरु हुँदा हुँदै पनि निजी ऊर्जा उत्पादकहरुको तर्फबाट प्रतिवेदनमा उल्लेख भएका सिफारिशमध्ये सुधार गर्नुपर्ने वा सच्याउनुपर्ने केही विषय वस्तुहरु तर्फ हामी ने.वि.प्रा. सञ्चालक समितिको ध्यानाकर्षण गराउन चाहन्छौं :-

१. निजी क्षेत्रको करोडौं लगानी भइसकेका आयोजनाहरु पिपिए गर्दा प्राथमिकतामा नपर्ने कुरा न्यायसंगत नहुने भएकोले बुँदा नं.१० को साविकको सिफारिशको सट्टा PPA गर्दा प्राथमिकता क्रम First come first basis को आधारमा हुने कुरा उल्लेख गर्नुपर्ने ।

२. मौद्रिक नीतिमा उर्जा क्षेत्रको लगानी सीमा नबढेको तथा विद्युत आयोजनाको निर्माणमा ठूलो संख्यामा व्यवसायीको आगमन भएको हुँदा बुँदा नं. १३ मा १०० मेगावाट सम्मका

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल २०५७ iPPAN INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL 2001

Regd No: 77/1263/057/058 PAN No: 302275560

# स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
# Independent Power Producers' Association, Nepal

नेपालको समृद्धिका लागि ऊर्जा

President
Ganesh Karki

Senior Vice President
Mohan K. Dangi

Vice President
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

General Secretary
Balaram Khatiwada

Deputy General Secretary
Prakash Chandra Dulal

Secretary
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

Treasurer
Narendra Ballav Panth

Member
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

Associate Member
Shailendra Guragain

IPP & Chief Advisor
Krishna P. Acharya

आयोजनाको हकमा PPA भएको ३ बर्ष सम्म र १०० भन्दा माथि ५०० मेगावाटसम्म ४ वर्षसम्म र ५०० मेगावाट भन्दा माथि ५ वर्षसम्म वित्तीय व्यवस्थापन गर्ने अवधि तोक्नुपर्ने । साथै हालको अवश्थामा पिपिए नभएका आयोजनाको हकमा कोभिड तथा तरलताको अभावको कारणले आयोजनाको सर्वे लाइसेन्स तथा PPA खारेज गर्नु न्यायसंगत नभएकोले १ वर्षको विशेष अवधि थप गर्नुपर्ने ।

३. जलाशययुक्त आयोजनाको विकास समग्र ऊर्जा क्षेत्रको सन्तुलित विकासमा महत्वपूर्ण कुरा भएकोले बुँदा नं ५ मा जलाशययुक्त आयोजनाको PPA का आधारहरु उल्लेख भएतापनि न्यूनतम IRR, ROE वा नाफाको criteria उल्लेख गर्नुपर्ने ।

४. बुँदा नं ६ मा ROR तथा PROR आयोजनाको हकमा पनि विद्युत उत्पादन अनुमतिपत्रको अवधि ४५+५ वर्ष बनाउन सिफारिश गर्ने ।

५. कुनै कोरिडोरमा प्रसारण लाइनको क्षमता बाँकी भई विद्युत प्रसारण हुने अवस्था रहेमा त्यस क्षेत्रमा रहेको आयोजनाको PPA गरिदिने ।

६. सौर्य आयोजनालाई पीपीए अनुसारको १० प्रतिशत राख्ने कुरा स्वागत योग्य भए पनि घटाघटको विद्युत खरिद बिक्री दर यस अघि पनि कार्यान्वयन नभएकोले विद्युत खरिद मूल्य दर पुरानै कायम गरिदिने ।

अन्त्यमा, विद्युत खरिद बिक्री सम्झौता गर्ने सम्बन्धमा नीतिगत व्यवस्था सम्बन्धी प्रतिवेदन तयार गर्ने समिति तथा ने.वि.प्रा. सञ्चालक समिति, ऊर्जा मन्त्रालय तथा अन्य नियमनकारी निकायका जिम्मेवार पदाधिकारीज्यूहरुमा इपानको तर्फवाट हार्दिक धन्यवाद दिंदै प्रतिवेदनमा उल्लेखित सिफारिशहरु हाम्रा सुझाव अनुसार संशोधन गरी कार्यान्वयन गर्न गराउन माग गर्दछौं ।

निवेदक

गणेश कार्की
अध्यक्ष